# मल्लरानी गाउँपालिका

## मल्लरानी गाउँपालिकाकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड २०७८

मल्लरानी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खलंगा प्यूठान, लुम्बिनी प्रदेश नेपाल

Scanned with CamScanner

# मल्लरानी गाउँपालिकाकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड २०७८

गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मिति: २०७८ श्रावण २१ गते

प्रस्तावना: उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी, जनप्रतिनिधी, विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयहरुलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने कार्यलाई पारदर्शी बनाउनका लागी मल्लरानी गाउँपालिकाले यो मापदण्ड बनाएकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ:

क. यस मापदण्डको नाम मल्लरानी गाउँपालिकाका पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड २०७८ रहेकोछ ।

ख यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय प्रसंगले अर्को अर्थ नलागेमा

क. मल्लरानी गाउँपालिका भन्नाले गाउँपालिका कार्यालय, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालय लाई सम्झनु पर्दछ ।

ख. कर्मचारी भन्नाले गाउँपालिका , अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीलाई जनाउछ ।

ग. जनप्रतिनिधी भन्नाले गाउँसभा सदस्य लाई जनाउछ ।

घ. विषयगत शाखा भन्नाले गाउँपालिकाको कार्यालय अन्गतर्गतको शाखा लाई जनाउछ ।

ङ. वडा कार्यालय भन्नाले मल्लरानी गाउँपालिकाको ५ वटै वडा लाई जनाउछ ।

च. स्वास्थ्य संस्था भन्नाले मल्लरानी गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई जनाउछ ।

छ. विद्यालय भन्नाले मल्लरानी गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरुलाई जनाउँदछ ।

३. पुरस्कार तथा सम्मानका लागी कर्मचारी छनौटका आधारहरु:

क. नेतृत्व क्षमता

ख. बहस गर्ने सिप

ग. दक्षता र व्यवसायिक क्षमता

घ. श्रृजनशिलता र नविन अभ्यास प्रतिको अग्रसरता

ङ. सामुहिक कार्यमा संलग्नता

च. अघिल्लो आर्थिक वर्षको कार्यक्रममा प्राप्त गरेको प्रतिफल र प्रभावकारीता

छ. समय पालना र अनुशासन

ज. सिकाई उपलब्धी

४. पुरस्कारका लागी छनौट गरीने:

क. दफा ३ बोजिमका सूचकका आधारमा प्रत्येक आर्थिक वर्षको पहिलो गाउँ कार्यपालिकाको बैठकद्वारा गाउँपालिकाका कर्मचारी, जनप्रतिनिधी, विषयगत शाखा, वडा कार्यालय, शिक्षक र स्वास्थ्यकर्मीलाई छनौट गरिनेछ,

ख. पुरस्कार तथा सम्मानका लागि प्रदान गरिने प्रमाणपत्र जिन्सी तथा नगद गाउँ कार्यपालिका बैठकले निर्धारण गर्नेछ।

ग. कर्मचारी, जनप्रतिनिधी, विषयगत शाखा, वडा, शिक्षक, स्वास्थ्यकर्मी, विद्यालय र स्वास्थ्य संस्थालाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा अनुसूची १ र अनुसूची २ बमोजिम हुनेछ।

घ. मल्लरानी गाउँपालिकामा कम्तीमा २ वर्ष कार्य गरेको र दफा ३ बमोजिमको सूचक बमोजिम छनौट भएको कर्मचारीलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिनेछ ।

Scanned with CamScanner

ङ. मल्लरानी गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजना तथा कार्यक्रमहरु कम्तीमा ९० प्रतिशत भन्दा बढी सम्पन्न गर्ने वडालाई उत्कृष्ट वडाको रुपमा सम्मान गरिनेछ ।

च. मल्लरानी गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजनाहरु कम्तीमा ९० प्रतिशत भन्दा बढी योजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने वडाको वडा अध्यक्षलाई उत्कृष्ट जनप्रतिनिधिको रुपमा सम्मान गरिनेछ ।

छ. मल्लरानी गाउँपालिकामा प्रत्येक आर्थिक वर्षमा छनौट भएका योजना तथा कार्यक्रमहरुको भौतिक र वित्तिय प्रगतीको कम्तीमा ९० प्रतिशत भन्दा बढी सम्पन्न गर्ने शाखालाई उत्कृष्ट शाखाको रुपमा सम्मान गरिनेछ ।

ज. स्वास्थ्य संस्थाहरुहरु मध्ये स्वास्थ्य सेवा अन्तर्गत विपद् तथा नियमित सेवा प्रवाहमा संस्थामा रहने भूमिकाका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीको रुपमा सम्मान गरिनेछ ।

झ. सामुदायिका विद्यालयमा सहज सरल वातावरणमा पठन पाठन तथा सिकाई उपलब्धी लाई आधार मानी उत्कृष्ट शिक्षकको रुपमा सम्मान गरिनेछ ।

ञ. सामुदायिका विद्यालयमा छात्र छात्राको एकमुष्ट नतिजा प्रतिशतलाई आधार मानी उत्कृष्ट विद्यालयको रुपमा सम्मान गरिनेछ ।

ट. स्वास्थ्य संस्थाहरुहरु मध्ये स्वास्थ्य सेवा अन्तर्गत विपद् तथा नियमित सेवा प्रवाहमा रहने भूमिकाका आधारमा उत्कृष्ट स्वास्थ्य संस्थाको रुपमा सम्मान गरिनेछ ।

५. संशोधन वा खारेज गर्न सक्नेः

मल्लरानी गाउँ कार्यपालिकाले आवश्यक ठानेको खण्डमा मापदण्ड शंशोधन तथा खारेज गर्न सक्नेछ ।

Scanned with CamScanner

अनुसूची १

उत्कृष्ट तथा सर्वोत्कृष्ट कर्मचारी, जनप्रतिनिधी, शिक्षक र स्वास्थ्यकर्मी लाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा

मल्लरानी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खलंगा प्यूठान

लुम्बिनी प्रदेश नेपाल

## प्रमाणपत्र

मल्लरानी गाउँ कार्यपालिकाको मिति ........................... को निर्णय अनुसार गाउँपालिकाकाको कार्य सम्पादनमा पुर्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्याँकन गर्दै तपाई श्री .................................... लाई आ.व ........... को उत्कृष्ट कर्मचारी/जनप्रतिनिधि/शिक्षक/स्वास्थ्यकर्मी सम्मान पुरस्कार सहित स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएकोछ । साथै तपाईको उत्तरोत्तर प्रगती एवं उज्जवल भविष्यको कामना गर्दछौं ।

| | |
|---|---|
| ............................... | .................................... |
| गाउँपालिका उपाध्यक्षको नाम थर | गाउँपालिका अध्यक्षको नाम थर |
| गाउँपालिका उपाध्यक्ष | गाउँपालिका अध्यक्ष |

Scanned with CamScanner

अनुसूची २

उत्कृष्ट तथा सर्वोत्कृष्ट विषयगत शाखा, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था लाई प्रदान गरिने प्रमाणपत्रको ढाँचा

मल्लरानी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खलंगा प्यूठान

लुम्बिनी प्रदेश नेपाल

### प्रमाणपत्र

मल्लरानी गाउँ कार्यपालिकाको मिति ............................ को निर्णय अनुसार गाउँपालिकाकाको कार्य सम्पादनमा पुर्याउनु भएको विशिष्ट योगदानको उच्च मूल्यांकन गर्दै तपाई मल्लरानी गउँपालिकाको शाखा/वडा कार्यालय/विद्यालय/स्वास्थ्य संस्था लाई आ.ब आ.ब ............ को उत्कृष्ट विषयगत शाखा/वडा कार्यालय/विद्यालय/स्वास्थ्य संस्था सम्मान पुरस्कार सहित स-धन्यवाद यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

..............................
गाउँपालिका उपाध्यक्षको नाम थर
गाउँपालिका उपाध्यक्ष

....................................
गाउँपालिका अध्यक्षको नाम थर
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner